# नेपालमा राजनीतिक सङ्कट : प्रजातन्त्रमाथिको चुनौती
# (वि.सं. २०४६–२०५९)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत राजनीति शास्त्र विषयमा विद्यावारिधि
उपाधिका लागि प्रस्तुत

## शोधप्रबन्ध

**शोधार्थी**

**पुरुषोत्तम मरहठ्ठा**
विद्यावारिधि दर्ता नं. ११/०५९ माघे सत्र
त्रि.वि. दर्ता नं. ३२–०४०९९९–४

२०६८

# शोधप्रबन्ध समितिको सिफारिस

राजनीति शास्त्र विषयको विद्यावारिधिका शोधार्थी श्री पुरुषोत्तम मरहट्टाले **नेपालमा राजनीतिक सङ्कट : प्रजातन्त्रमाथिको चुनौती (वि.सं. २०४६–२०५९)** शीर्षकको शोधप्रबन्ध हाम्रो सुपरिवेक्षणमा तयार गर्नु भएको हो । राजनीति शास्त्र विषयमा विद्यावारिधि उपाधिका निमित्त निकै परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधप्रबन्धबाट हामी सन्तुष्ट छौं र यस शोधप्रबन्धको मूल्याङ्कनको व्यवस्थाका लागि त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समिति समक्ष सिफारिस गर्दछौं ।

**शोधप्रबन्ध सिफारिस समिति**

____________________

प्रा. कृष्णप्रसाद खनाल

(शोधनिर्देशक)

____________________

प्रा.डा. रामकुमार दाहाल

(शोधविशेषज्ञ)

मिति : २०६८।४।९

# अनुमोदन पत्र

**नेपालमा राजनीतिक सङ्कट : प्रजातन्त्रमाथिको चुनौती (वि.सं. २०४६-२०५९)** शीर्षकमा विद्यावारिधि (पिएच. डी.) शोधकार्य गर्ने शोधार्थी श्री पुरुषोत्तम मरहट्ठाले राजनीति शास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि परिपूर्ति गर्नु पर्ने आवश्यक प्रक्रिया पूरा गरी अन्तिम मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समितिमा शोधप्रबन्ध बुझाएकामा अनुसन्धान समितिले उपर्युक्त शोधकार्य विद्यावारिधि उपाधि दिनका लागि उपयुक्त ठहऱ्याई विद्यावारिधि उपाधि प्रदान गरेको कुरा प्रमाणित गरिन्छ ।

प्रा.डा. नवराज कणेल
डीन तथा अध्यक्ष
अनुसन्धान समिति
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
त्रिभुवन विश्वविद्यालय

मितिः- २०६८

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीन कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत **नेपालमा राजनीतिक सङ्कट : प्रजातन्त्रमाथिको चुनौती (वि.सं. २०४६–२०५९)** शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोधनिर्देशकका निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र तीप्रति कृतज्ञ पनि छु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यसअघि कहीं पनि कुनै उपाधि अथवा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेको छैन । यस शोधप्रबन्धको कुनै पाठ/अंश पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गरे/गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरूद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

_________________

पुरुषोत्तम मरहट्टा

मिति : २०६८

# कृतज्ञताज्ञापन

**नेपालमा राजनीतिक सङ्कट : प्रजातन्त्रमाथिको चुनौती (वि.सं. २०४६–२०५९)** विषयको शोध मैले पूर्व राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन कालमा लेख्न सुरु गरेको थिएँ । राजा देखिने, सुनिने र जनताले प्रत्यक्ष रूपमा स्पर्श गर्न सकिने गरी सैनिक वर्दीमा देशदर्शन गर्दै र अभिनन्दन ग्रहण गर्दै सक्रिय शासन मुलुकमा ल्याउन कम्मर कसेर लागिरहेका थिए । संविधान थियो तर कार्यान्वयनमा थिएन । राष्ट्रिय सेना 'प्यारेन्ट आर्मी' थियो तर त्यो जनतासँग होइन राजासँग नजिक थियो । माओवादीसँग जनसेना थियो । संसदवादीसँग शक्ति भन्नु नै विचारधारा बोकेका मतदाता र स्वतन्त्र मतदाता मात्र थिए । सांसद्हरूको राजनीतिक छलफल गर्ने ठाउँमा राजाको प्रभुत्व बढ्दै गएको थियो ।

जनताका प्रतिनिधिहरू रत्नपार्कको आन्दोलनमा सीमित हुँदै गएका थिए । प्रजातन्त्रको जग मानिएको गाउँबाट निर्वाचित पदाधिकारीलाई लखेट्ने काम हुन थालेको थियो । सहरबाट राजाले उनीहरूलाई लखेट्न खोजिरहेका थिए । मुलुकको संविधान रहँदैमा चौध हजार भन्दा बढी व्यक्तिले ज्यान गुमाइसकेका थिए । सेना निर्वाचित सरकारप्रति उत्तरदायी हुनुपर्नेमा ०४७ सालको संविधान लागु रहेसम्म त्यसले पनि दरवारप्रति नै बफादारी देखायो । ०४७ सालपछि डेढदशकको अवधिमा जिम्मेवार जनप्रतिनिधिहरूले **सैनिक ऐन ०१६** लाई चलाउनै हुन्न जस्तो देखे । जननिर्वाचित सरकारले **होलेरी घटना** होस वा **राजदरवार हत्याकाण्ड**जस्ता विषयलाई संसद्भित्र ल्याएर राष्ट्रिय बहसको विषय बनाउन सकेनन् । जनताको तिरो खाएको सेना होलेरीमा परिचालित हुन सकेन र त्यसले राजपरिबारलाई बचाउन पनि सकेन । यस्तो अवस्थामा पनि राजालाई देखाउने प्रजातन्त्र चाहिएको थियो । विश्वलाई देखाउनैका लागि भए पनि उनी नगर निर्वाचन गराउँदै थिए । कमजोर बनेको राजतन्त्रले प्रजातन्त्रलाई बलियो हैन अझ कमजोर बनाउन खोजिरहेको थियो ।

'दार्शनिकहरू समाजको काँढा' हुन्छन् भन्ने सुकरातको विचारलाई पछ्याउँदै नेपालका धेरै विद्वान् वुद्धिजीवीहरूले राजाको त्यस कदमका विरुद्धमा आफ्नो आवाज निरन्तर रूपले अघि बढाइरहे । कसैले सडक, कसैले कलम, कसैले नागरिक मञ्च , कसैले डबली जस्ता माध्यमबाट जनतालाई निरन्तर जागरुक बनाउने काम भइरह्यो । जनताको निरन्तर खबरदारीले ०६२/६३ को दोस्रो जनआन्दोलनको परिणामस्वरूप नेपालबाट राजतन्त्रको अन्त भयो । दोस्रो जनआन्दोलनपछि मुलुकको राजनीतिले कस्तो गति लिन्छ भन्ने यस शोधप्रवन्धको क्षेत्र होइन । बितेको द्वन्द्वका कारण मुलुक अहिलेसम्म फड्को मार्ने अवस्थामा लाग्न सकेन । द्वन्द्व सुल्झाउन संसदीय शक्तिहरू असफल भए । यस्तो द्वन्द्व मुलुकमा फेरी फेरी पुनरावर्तन हुने हो कि भन्ने आशङ्का कायमै रह्यो ।

सुरुमा 'प्रजातन्त्र' शब्द धेरै ठाउँमा प्रयोग भएको थियो । तर यो अनुसन्धानको अवधिबिचमा 'लोकतन्त्र' शब्द जनजिब्रोमा बहुप्रचलित हुन थाल्यो । 'प्रजातन्त्र' शब्दको सट्टा कतिपय स्थानमा समयको प्रवाह सँगैं 'लोकतन्त्र' शब्दको प्रयोग भएको छ । त्यसैले यस शोधप्रबन्धमा कहिं 'प्रजातन्त्र' र कहिं त्यसैको सट्टा 'लोकतन्त्र' शब्द प्रयोग हुनगएको छ । लोकतन्त्र र प्रजातन्त्रलाई यहाँ पृथक अर्थमा लिएको छैन र पर्यायकै रूपमा ग्रहण गरिएको छ ।

शोधकै क्रममा आवश्यक सूचना सल्लाह र अन्तर्वार्ता उपलब्ध गराएर सहयोग प्रदान गर्नु हुने नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छे, नेकपा (एमाले) स्थायी कमिटीका सदस्य तथा जेष्ठ नागरिक सल्लाहकार परिषद्का सदस्य सहाना प्रधान, नेपाली कांग्रेसका तर्फवाट संविधानसभामा प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य तथा पार्टी उपसभापति रामचन्द्र पौडेल, नेपाली कांग्रेसका केन्द्रीय सदस्य अर्जुन नरसिंह के.सी, ने.का.कै डा. रामशरण महत्, नेपाली कांग्रेसका केन्द्रीय सदस्य नरहरि आचार्य, ने.क.पा (माले) का महासचिव तथा संविधानसभा सदस्य सी.पी.मैनाली (चन्द्रप्रकाश मैनाली) प्रति कृतज्ञता प्रकट गर्दछु । यस कालखण्डको राजनीतिक घटनासँग प्रत्यक्ष सरोकार राख्ने उहाँहरूका विचार यस शोध–प्रबन्धका लागि महत्वपूर्ण स्रोत बनेका छन् ।

त्यसै गरी नेपाली कांग्रेसका पुराना कार्यकर्ता तथा विशिष्ट सल्लाहकार र नेका जिल्ला कार्य समिति चितवनको संरक्षकका रूपमा रहनु भएका महेश्वरलाल श्रेष्ट, ०५१ को चुनावपछि नेपाली कांग्रेसमा प्रवेश गर्नुहुने भीमबहादुर श्रेष्ट, चितवन कम्युनिष्ट आन्दोलनमा सक्रिय व्यक्ति हरि सापकोटा, कम्युनिष्ट पार्टीका संस्थापक सदस्य नरबहादुर कर्माचार्य, ने.क.पा.(एमाले) केन्द्रीय अनुशासन समितिका अध्यक्ष तथा स्थायी समिति सदस्य एवं पोलिट व्यूरो सदस्य अमृत कुमार बोहोरा, ने.क.पा.(एमाले) का पोलिट व्यूरो सदस्य केशव बडालका साथै एकीकृत नेपाल कम्युनिस्ष्ट पार्टी (माओवादी) का सचिवालय सदस्य तथा हाल थारुवान राज्य समितिका सदस्य वीरमान चौधरी, एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का मनोनीत सभासद् खोटाङ्गका सांसद्, हरि रोक्का, एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का सभासद्, तनहुँका सुरेश कुमार आलेमगर, मधेशी जनअधिकार फोरमका तर्फबाट संविधान सभाका सभासद् जयप्रकाश प्रसाद गुप्ता यादव, मधेशी जन अधिकार फोरमको तर्फवाट संविधानसभा सदस्य अभिषेक प्रताप शाह, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)की नेतृ एवं संविधानसभा सदस्य सरिता गिरी आदिले यस अनुसन्धानका क्रममा दिनुभएको अमूल्य विचारले यस प्रबन्धलाई प्रमाणिकता नजिक लैजान प्रशस्त सहयोग पुऱ्याएका छन् । मैले उहाँहरूबाट प्राप्त भएको समयले यस शोधप्रबन्धलाई नेपाली राजनीतिको वास्तविक पक्षसँग नजिकिन मद्दत पुऱ्याएको ठानेको छु । त्यसैले उहाँहरूप्रति आभारी छु ।

अध्ययनका क्रममा वरिष्ठ पत्रकार युवराज घिमिरे, ध्रुव अधिकारी, वरिष्ठ अधिवक्ता यज्ञमूर्ति बन्जाडे आदिसँग लिइएको विचारले यस शोध अनुसन्धानलाई प्रमाणिक तुल्याउन मद्दत पुगेको छ । त्यसका लागि म उहाँहरू सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

मेरो यो शोध–प्रबन्धलाई यसरी प्रस्तुत गर्नमा दक्ष निर्देशन प्रदान गर्नु हुने शोधनिर्देशक आदरणीय श्रद्धेय गुरु प्रा. कृष्ण खनाल र शोधविशेषज्ञ प्रा.डा. रामकुमार दाहालमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोधप्रबन्धलाई यस रूपमा प्रस्तुत गर्न निरन्तर सुझाव र टिप्पणीका माध्यमले सहयोग पुऱ्याउने शोधनिर्देशक, शोधविशेषज्ञ, आन्तरिक परीक्षक, प्रि-भाइभा टेष्टको बोर्डमा सम्मिलित विशेषज्ञ विद्वत पदाधिकारी र मलाई यस बिषयमा अध्ययन अनुसन्धान कार्य गर्न अनुमति प्रदान गर्ने मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयका पदाधिकारीहरूलाई समेत हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधपत्रको तयारीका लागि शुद्धाशुद्धिमा सहयोग पुऱ्याउने त्रि.वि. रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विभागका सहप्राध्यापक रमेश कुमार भट्टराइज्यू, कम्प्युटरमा सहयोग पुऱ्याउने गोविन्द थापा, प्रतीक शर्मा, सूर्य कोइराला र प्रमित शर्मालाई पनि धन्यवाद दिन चाहन्छु । त्रि.वि, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, केशर पुस्तकालय, केशरमहल, राष्ट्रिय अभिलेखालय, नेकपा ( एमाले) केन्द्रीय कार्यालयको पुस्तकालय, नेपाल–भारत सांस्कृतिक केन्द्र पुस्तकालय, रत्न राज्यलक्ष्मी क्याम्पस पुस्तकालय, अमेरिकी पुस्तकालय, वृटिश पुस्तकालय, आदिका प्रवन्धक, संचालक र कर्मचारीहरू समेत सवैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**पुरुषोत्तम मरहठ्ठा**

मिति : २०६८

# शोधसार

## नेपालमा राजनीतिक सङ्कट : प्रजातन्त्रमाथिको चुनौती (वि.सं. २०४६–२०५९)

### विषय परिचय

वि.सं. २०४६ सालको जनआन्दोलनको सफलता पछि जारी भएको **नेपाल अधिराज्यको संविधान २०४७** ले मुलुकमा संवैधानिक सुनिश्चितताका साथै राजनीतिक स्थायित्व आउनेछ र देश समुन्नतिको बाटोमा अगाडि बढ्नेछ भन्ने नेपाली जनताले अपेक्षा गरेका थिए । तर त्यसको विपरीत मुलुकको राजनीति अपेक्षित ढङ्गले अघि बढ्न सकेन । पटक पटक उस्तै प्रकृतिका राजनीतिक सङ्कटहरू दोहोरिंदै गए। सङ्कटको मुख्य कारण एकातिर प्रमुख राजनीतिक पक्ष–राजा र राजनीतिक दलहरूबिच संवैधानिक पद्धति अनुकूल भूमिकाको विकास हुन नसक्नुलाई लिन पर्छ भने अर्कातर्फ संवैधानिक पद्धतिकै विरुद्ध माओवादी हिंसात्मक विद्रोहलाई सम्बोधन गर्ने राजनीतिक उपायको कमीलाई लिनु पर्ने हुन्छ । चुलिंदै गएको सङ्कटको संवैधानिक निकास प्राप्त हुन नसकेपछि दोस्रो जनआन्दोलन २०६२/०६३ ले **नेपाल अधिराज्यको संविधान २०४७** द्वारा स्थापित संवैधानिक प्रणालीलाई नै समाप्त पार्‍यो ।

संसदीय प्रजातन्त्रको दोस्रो प्रयोग (२०४६-२०५९) असफल हुनमा विभिन्न कारणहरू रहेका छन् । **जनआन्दोलन २०४६** पछि लगत्तै संविधान निर्माणको प्रारम्भिक चरण देखि नै विभिन्न राजनीतिक दलहरू, राजसंस्था लगायतका प्रमुख पात्रहरूकाबिच गम्भीर मतभेदहरू देखिए । अढाइ सय वर्षदेखि नेपालको राजतन्त्रले भौगोलिक एकीकरण बाहेक मुलुकमा प्रजातन्त्रको संस्थागत विकास एवं समृद्धिमा खासै योगदान दिन सकेन भन्ने धारणा रहि नै रह्यो । राजाले शासन गर्दैनन् केवल राज्य मात्र गर्दछन् भन्ने मान्यताको ठीक विपरीत २००७ सालको क्रान्तिदेखि नै नेपालका राजाहरूले प्रत्यक्ष शासनको आकाङ्क्षालाई सदैव जोगाएर राखे । २००७ सालमा तत्कालीन राजा त्रिभुवन, २०१५ मा राजा महेन्द्र र २०४६ सलापछि राजा वीरेन्द्रले संवैधानिक राजतन्त्र सहितको प्रजातान्त्रिक शासन प्रणालीको आंशिक अभ्यास गर्ने प्रयास गरे । वि.सं. २०४६ को जनआन्दोलनमा धनजनको धेरै क्षति नहोस् भनेर तत्कालीन राजा वीरेन्द्रले आन्दोलनकारी दलहरूसँग सम्झौताको नीति पनि अपनाएका थिए । तर, राजतन्त्र नमान्ने कम्युनिष्ट घटकहरूलाई भने सम्झौताबाट अलग राखिएको थियो । सुरुमै दरबार कम्युनिष्टहरूलाई विभाजन गराउने प्रयासमा देखियो । २०४७ सालको संविधान निर्माणको बेलादेखिनै राजा र दलहरूका बीच अविश्वास र एक अर्काको भूमिकालाई सीमित गर्ने खेल र प्रयत्नहरू चलिनै रहे ।

संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र र संसदीय शासन प्रणालीलाई मुख्य आधार तथा सिद्धान्त मानेर तयार गरिएको **नेपाल अधिराज्यको संविधान २०४७** जारी भएपछि पनि

तदनुकूलको भूमिका भने राजा तथा दलहरू दुवैबाट सही रूपमा पुरा हुन सकेन । संवैधानिक राजतन्त्र र संसदीय शासन प्रणालीको परम्परा विपरीत राजदूतको नियुक्ति, संसदको माथिल्लो सदन राष्ट्रियसभा सदस्यको मनोनयन, संसदद्वारा पारित विधेयक स्वीकृतिमा सर्वोच्च अदालतको राय माग, संसद्को तल्लो सदन प्रतिनिधिसभा विघटनलगायतका मुद्दाहरूमा मन्त्रिपरिषदको सल्लाह र सम्मतिको उपेक्षा जस्ता व्यवहार राजाबाट बारम्बार दोहोरिइ रहे । यिनै राजपरम्पराको कारणले नेपालमा पटक पटक राजनीतिक अस्थिरता देखा परिरहे । सक्रिय राजतन्त्र चाहने राजा संविधानमा प्रावधान नै नभएको मन्त्रिपरिषद्को अध्यक्ष बनेर नेपालको संविधानकै अपव्याख्या गर्न पुगे । जथाभावी तजवीजी अधिकार प्रयोग गर्न राजालाई ०४७ को संविधान अन्तर्गत वाधा अडकाउ फुकाउने **धारा १२७** ले मद्दत पुऱ्याएको थियो ।

२००७ सालपछि नेपालमा शाही शासनको मुख्य आधारका रूपमा देखिएको नेपाली सेनालाई जननिर्वाचित सरकारको अधीनमा राख्ने कुरामा पनि निर्वाचित सरकार र दलहरू खासै प्रयत्नशील हुन सकेनन्। यस अवधिमा दलहरूले सैनिक ऐन संशोधनमा खासै चासो देखाएनन् । सेनालाई जनप्रतिनिधिको मातहतमा ल्याउने प्रयाससम्म भएन् । राजालाई संविधानमा सेनाको परमाधिपति दिएर राख्दा पनि लगभग डेढ दशक राष्ट्रिय सुरक्षा परिषद् खासै क्रियाशील हुन सकेन । सेना निर्वाचित निकायप्रति भन्दा दरबारप्रति बढी वफादार भयो । ०५८ सालमा राष्ट्रिय सुरक्षा परिषद् सचिवालय स्थापनासम्म गरियो । तर यस अवधिमा सुरक्षा परिषद् खासै क्रियाशील हुन सकेन । सेना निर्वाचित सरकारप्रति उत्तरदायी हुनुपर्नेमा ०४७ को संविधान लागु रहेसम्म सेनाले दरबारप्रति बफादार देखायो । ०४७ सालदेखिको डेढदशक जिम्मेवार जनप्रतिनिधिहरूले **सैनिक ऐन ०१६** लाई चलाउनै हुन्न जस्तो देखे । जननिर्वाचित सरकारले होलेरी घटना होस् वा राजदरवार हत्याकाण्डजस्ता विषयलाई संसद्भित्र ल्याएर राष्ट्रिय बहसको विषय बनाएको भए मुलुक लामो समय अन्यौल र अस्थिरतामा बस्नु पर्ने थिएन ।

२०४७ को संविधानले कुनै खास जाति/समुदाय वा वर्गलाई कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने विशेष प्रावधान राखेको भए पनि त्यसलाई व्यहारमा ल्याउने प्रयास भएन् । संविधानको मनसाय अनुसार कानून संसदबाट पास गर्न जनप्रतिनिधिहरू असफल भए । राज्य समावेशी हुन नसक्दा समाजबाट अलग्याइएकाहरूको ठूलो समूहलाई ०४६ को परिवर्तनले कुनै प्रभाव पार्न सकेन । क्षेत्रीय स्वयत्तता, जातीय पहिचानको मान्यता, बहुभाषिकता, पछि परेका र सीमान्तकृत समुदाय तथा वर्गका मानिसहरूको राज्यसंरचनामा प्रतिनिधित्व र पहुँच अर्थात् समावेशी राज्य संरचना जस्ता विषयलाई ०४७ सालको संवैधानिक पद्धतिले आफ्नो एजेण्डामा समावेश गर्न सकेन । पछाडि परेको जनजातिलाई राज्य संरचनामा समावेश नगर्नाले महिला, जनजाति, दलित, मधेसी, गरिब र विपन्न वर्गले राज्य र संवैधानिक पद्धतिप्रति आफ्नो अपनत्व बोध गर्न सकेनन् । परिणामस्वरूप संवैधानिक प्रणालीमा सङ्कट आएका बेला उनीहरूको समर्थन

लिन सक्ने त कुरै छाडौं उल्टै विद्रोही शक्तिका नारा र एजेण्डाहरूसँग उनीहरूको निकटता देखिन थाल्यो ।

यसैगरी मूलधारका ठूला राजनीतिक दलहरूले मुलुकमा राजनीतिक स्थिरता दिनेतर्फ भन्दा सत्ता कसरी प्राप्त गर्ने भन्ने तर्फ तिनको ध्यान केन्द्रित भयो । विगतमा तीन आमनिर्वाचन सम्पन्न भैसक्दा पनि संसदले स्थिरता पाउन सकेन । तीन प्रतिनिधि सभा कालमा दर्जनौं पटक सरकार गठन र विघटनको प्रक्रिया चलिरह्यो । ०४७ सालको संविधानको धारा ५३(४) प्रत्येक पटक प्रतिनिधिसभा विघटनमा विवादग्रस्त बन्दै गएको थियो । राजाले प्रधानमन्त्रीको सिफारिसमा गरिएको घोषणालाई लिएर संसद्मा छलफल गर्नु पर्ने राजनीतिक प्रकृतिका मुद्दाहरू अदालतमा पुगे । हरेक पटक अदालत बेग्ला बेग्लै नजीर दिएर विवादमा पर्दै गयो । अदालतको फैसलाका विरुद्ध समेत नारावाजी हुन थाल्यो ।

यस अवधिमा राजनीतिक दलहरूबिचको आन्तरिक द्वन्द्वले विरोधका लागि विरोधको राजनीति तीव्र रूपमै देखियो । त्यस द्वन्द्वमा नेपाली कांग्रेस र नेकपा (एमाले) मात्र होइन राप्रपा जस्ता साना पार्टी पनि आन्तरिक द्वन्द्वले विभाजित हुन थाले । दलहरू सदैव समस्या मात्र देखाउने तर स्थायित्व दिने क्रममा पछाडि पर्दै गए । ०६२/६३ पछिको घटनाक्रमले अगाडिकै निरन्तरता दोहोऱ्यायो । राजनीतिक अस्थिरता र अराजकताले मूल धारका दलहरूमा घात प्रतिघात र अन्तरघातको स्थिति देखियो । राजतन्त्र संविधानभित्र बस्न नखोज्नु, संसद पटक पटक भङ्ग भैरहनु दलहरूमा आन्तरिक विभाजन देखिनु, मुलुकभित्र द्वन्द्वको बीजारोपण हुनु नेपालको राजनीतिमा सङ्कटका कारण बन्न गई प्रजातन्त्रका लागि चुनौती बन्दै गएको थियो । दोस्रो जनआन्दोलनमा आइपुग्दा दरवारको त्यो नीतिले काम गरेन र माओवादी लगायत काँग्रेस र कम्युनिस्टहरूमा राजतन्त्रविरोधी गठबन्धन हुन गयो । त्यो गठबन्धन अन्ततः राजसंस्थाकै अन्त्यको मुख्य कारक बन्न पुग्यो ।

**अध्ययनको उद्देश्य :**

यस अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) प्रजातन्त्रले निरन्तरता प्राप्त गर्न नसक्नुको कारण पत्ता लाउनु,

(ख) संविधानभित्रको पद्धति र व्यवहारबिच अन्तरविरोधको अध्ययन गर्नु,

(ग) राज्यपुनःसंरचनाका सवालहरूको अध्ययन गर्नु,

(घ) समय पुरा नहुँदै संसद् विघटनको कारण पत्ता लगाउनु,

(ङ) माओवादी समस्याको कारण पत्ता लगाउनु ; र

(च) मुलुकको राजनीतिमा राजतन्त्रको भूमिका बारे विश्लेषण गर्नु ।

## समस्या कथन

प्रजातन्त्रले नेपालमा निरन्तरता किन पाउन सकेन ? के दलहरू राजनीतिक निकास देखाउन असफल नै भएका हुन् ? दललाई कमजोर बनाएर पटक पटक राजतन्त्र शक्तिशाली हुन खोजेकै कारणले नेपालमा राजनीतिक सङ्कट बढेको हो ?

०४७ सालको संविधान लागु भएपछि त्यस भित्रको पद्धती र व्यवहारबिच अन्तरविरोध देखिन गएको हो ? संविधानलाई सक्रिय बनाउन किन संसदवादीहरू असफल बन्न पुगे ? प्रजातन्त्रको पुनःस्थापनापछि मुलुकमा तीव्रवामपन्थी अतिवाद र राजाको अधिनायकवादी अतिवाद किन मौंलाउँदै गयो ?

नेपालको शासनमा लामो समयदेखि एउटै भाषिक–सांस्कृतिक पृष्ठभूमि बोकेका मानिसको मात्र किन पहुँच बन्न गयो ? जनजातिको आवाजलाई विभाजनकारी तत्वको रूपमा हेर्ने प्रवृत्ति बहुदलीय व्यवस्थामा समेत किन कायमै रह्यो ?

दरवार हत्याकाण्डमा संसद किन मौन बस्यो ? मुलुकमा सम्पन्न ३ वटा निर्वाचनले राजनीतिक स्थिरता किन दिन सकेनन् ? दरबार, सेना, अदालत, प्रशासनआदिमा किन प्रजातान्त्रीकरण हुन सकेन ? राजनैतिक कारणले किन मुलुक लामो समयसम्म द्वन्द्वमा फस्न पुग्यो ? के निर्वाचनपछि बनेका सरकारहरूले विद्रोहीहरूलाई प्रजातन्त्रमा संक्रमण गराउन नसकेकै हो ? परिवर्तित स्थितिमा आएको राजतन्त्रले आफ्नो भविष्य प्रजातन्त्रमाथि नदेखेर निरंकुशतामा किन सुरक्षित देख्न खोज्यो ? यिनै प्रश्न वा समस्याहरूको जवाफ वा समाधान खोज्ने प्रयास यसमा गरिएको छ ।

## अध्ययनको सीमा

प्रस्तुत शोधकार्यले मूलतः वि.सं. २०४६ सालदेखि वि.सं. २०५९ सालसम्मको राजनीतिक घटनालाई मात्र समेटेको छ । २०४७ सालको संविधानले स्थापना गरेको संसदीय पद्धति यही अवधिभर मात्र तुलनात्मक रूपले क्रियाशील रहेको पाइन्छ । २०५९ असोजदेखि राजाको प्रत्यक्ष शासन सुरु भएको थियो । त्यसैले यो अध्ययन यसै अवधिको समय सीमाभित्र सीमित रहेको छ तापनि ०७ साल अघिपछिका राजनीतिक घटना र २०६२/६३ पछिका राजनीतिक घटनाहरूलाई पनि शोधमा सन्दर्भ अनुसार उपयोग गरिएको छ । दोस्रो जनआन्दोलन वि.सं. ०६२/६३ पछिको राजनीतिक गतिविधिको अध्ययन यसमा भएको छैन ।

## शोधविधि

यो शोध अनुसन्धानबाट राजनीतिशास्त्रमा एउटा बेग्लै सिद्धान्तहरूको वैधता प्रमाणिकता हुने भएकोले व्याख्यात्मक र विवरणात्मक रूपमा विभिन्न विद्वान्, राजनीतिज्ञ, आदिको धारणा र बिचारलाई निगमन विधि (Deductive method) बाट व्याख्या र विश्लेषण गरी निष्कर्ष

निकालिएको छ । यस शोधकार्यमा प्राथमिक र द्वितीयकका स्रोतबाट विभिन्न विचारकहरू संकलन गरिएको छ ।

(क) प्राथमिक स्रोत अन्तर्गत केही मात्रामा अन्तर्वार्ता विधि प्रयोग गरिएको छ । विभिन्न राजनीतिक विचारधाराका व्यक्ति र संचार माध्यममा कार्यरत पत्रकारहरूबाट प्राप्त जानकारीलाई यसमा आधार बनाइएको छ ।

(ख) द्वितीयक स्रोतमा : पुस्तक, पत्रपत्रिका आदिको प्रयोग गरिएको छ । विशेषगरी पूर्वकार्यहरूको समीक्षात्मक अध्ययनबाट प्राप्त जानकारी, राजनीतिक दलहरूको दस्तावेज र पुस्तकालयबाट प्राप्त सूचना आदि प्रयोग गरिएका छन् ।

**शोधप्रबन्धको सङ्गठन**

कुल नौ परिच्छेदमा प्रस्तुत गरिएको यस शोधप्रबन्धका सबै परिच्छेदलाई मूल शीर्षक र उपशीर्षकहरूमा सङ्गठित गरिएको छ । प्रस्तुत शोधप्रबन्धको सङ्गठित रूपरेखा यस प्रकार रहेको छ :

| | | |
|---|---|---|
| परिच्छेद एक | : | अनुसन्धान परिचय |
| परिच्छेद दुई | : | लोकतन्त्र र प्रजातन्त्र शब्दको प्रयोग सन्दर्भ र अर्थ |
| परिच्छेद तीन | : | प्रजातन्त्रको पुनःस्थापना |
| परिच्छेद चार | : | प्रजातन्त्र प्राप्तिपछिको सङ्कट |
| परिच्छेद पाँच | : | राजसंस्थाको भूमिका संस्थागत गर्ने क्रममा आएको सङ्कट |
| परिच्छेद छ | : | संवैधानिक राजनीतिक सङ्कटका मुद्दाहरू |
| परिच्छेद सात | : | राजनीतिक दलहरूको संस्थागत विकास र व्यवहारको सङ्कट |
| परिच्छेद आठ | : | राज्य पुनःसंरचनाको आवश्यकता |
| परिच्छेद नौ | : | सारांश, निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ । |

**शोधको निष्कर्ष**

१. नेपालका राजनीतिक दलहरू उपनिवेशवादको विरोधमा जन्मिएका थिएनन् । पंचायतको विरोधमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका विभिन्न घटकहरूले ०४६ को जनआन्दोलनसम्म आइपुग्दा थुप्रै जनतालाई बलिदानी गराएको थियो । ती दलहरूको ऐतिहासिक सङ्कटका परिणामस्वरूप उदय भएको थियो । प्रजातान्त्रिक संस्कारलाई नयाँ पद्धतिमा संक्रमण गराउन नेपालका राजनीतिक दलहरू असफल देखिए । यस अवधिमा राजाले राजनीतिक दलहरूबिच बेमेलको फायदा लिन पुगे । २०४६ सालको ऐतिहासिक जनआन्दोलनको परिणाम नेपालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनःस्थापना हुन पुग्यो । नेपाली कांग्रेस र संयुक्त वाम मोर्चाका सात कम्युनिष्ट घटकहरूबीच पञ्चायती शासन व्यवस्थाको समाप्ति र बहुदलीय प्रजातन्त्र पुनस्थापनाका लागि कार्यगत एकता

भएको थियो । जसको परिणाम जनआन्दोलन सफल भई शासन व्यवस्था फेरिए पनि नेपाली समाजको परम्परागत ढाँचामा प्रजातान्त्रिक रूपान्तरण भने हुन सकेन । त्यसको परिणाम मुलुकमा राजनीतिक सङ्कट देखिन थाल्यो जुन प्रजातन्त्रका लागि चुनौती बन्न पुगेको थियो ।

२. दलहरूसँग समझदारी गरेर राजतन्त्रले त्रिपक्षीय समझदारीबाट आन्दोलनको अन्त गरे पनि तीव्रवामपन्थी विचारधारा वोकेका कम्युनिष्ट घटक पातलो मसाल र मोटो मशाल, सर्वहारावादी श्रमिक सँगठन, नेकपा मार्क्सवादी लेनिनवादी आदि रहेका संयुक्त राष्ट्रिय जनआन्दोलनलाई राजाले त्रिपक्षीय वार्तामा बोलाएनन् । कम्युनिष्टहरूबीच राजतन्त्र नजिक र टाढा देखाएर विभाजनको रेखा कोर्ने प्रयासमा राजा तत्कालका लागि सफल देखिएपनि फुटाउ र शासन गरको त्यो नीति कालान्तरमा सफल हुन सकेन।

३. ०४७ सालको संविधानपछि पद्धतिका रूपमा राजतन्त्र संवैधानिक भए पनि उसले आफूलाई संविधानभन्दा माथि देखाउन खोज्यो । राजाले सदैव संविधानभन्दा माथिको भूमिका खोजिरहेका थिए । संविधानको घोषणा, राजदूतको नियुक्ति, नागरिकता विधेयकः लगायत महत्वपूर्ण विषयमा राजाले तजविजी अधिकार प्रयोग गर्दै गएका थिए । संविधानभन्दा माथि रहने राजाको चाहनाले प्रजातन्त्रमाथि डरलाग्दो संकेत सुरु भएको थियो । प्रजातन्त्रको संस्थागत विकास हुन नसक्नुका कारणले राजनीतिक अस्थिरताभित्र मुलुकमा द्वन्द्व मौलाउँदै गएको थियो । परिणाम ०५२ सालपछि मुलुकले धान्नै नसक्ने सङ्कट व्यहोर्दै गयो ।

४. माओवादीले जनयुद्ध सुरु गर्दा बहुदलीय व्यवस्थासँग उसको नकारात्मक दृष्टिकोण रहेको थियो । माओवादीले थालेका सुधारका योजनाहरू खोस्न कांग्रेस र एमाले असफल भए । बहुदलीय प्रतिस्पर्धामा आउन दोस्रो जनआन्दोलनले माओवादीलाई बाध्य बनायो । उग्र राजनीतिक विचारधारा बोकेको दल प्रजातन्त्रमा रूपान्तरण हुन सक्यो भने यसले नेपालको प्रजातन्त्रलाई संस्थागत विकास गर्न मद्दत पुऱ्याउने देखिन्छ ।

५. ०४६ साल पछिको बाह्र/तेह्र वर्षसम्ममा प्रजातन्त्र बलियो बन्नुपर्नेमा राजतन्त्र शक्तिशाली बन्दै गयो। यस अवधिमा राजा शक्तिशाली हुन खोज्दै जाने दलहरू पुरानो गल्ती दोहोऱ्याउँदै जाने क्रम वढ्दै गयो । राजासँग पनि कार्यगत एकता थियो भन्दै माओवादीको विचारहरू बाहिर आयो । ०४७ सालको संविधानलाई ०४८ सालको निर्वाचनपछि बसेको पहिलो संसद्बाट अनुमोदन मात्र गराइदिएको भए जन अनुमोदित संविधान भएकै कारण यसको विरोधमा हतियार उठने थिएन भन्ने अनुमान गर्न सकिन्छ ।

६. दरवार हत्याकाण्डपछि नेपालको राजसंस्था निकै कमजोर बन्न पुग्यो । संसद्ले राजसंस्थामाथि नियन्त्रण गर्ने कुनै कानुन बनाउन सकेन । दरबारलाई जोगाउन संसद् असफल थियो भन्ने कुरा राजा वीरेन्द्रको बंश विनाश (जेठ १९, वि.सं. २०५८) को घट्नाले देखाएको थियो । हत्याकाण्डका विषयमा निर्णय लिन संसदको दुबै सदन बस्न सकेन । राजा ज्ञानेन्द्रले त्यसपछिका दिनमा जनताले प्राप्त गरेका सीमित प्रजातान्त्रिक

अधिकारहरू पूर्णरूपमा अपहरण गर्न खोजे । उनले सङ्कटको निकासका लागि **नेपाल अधिराज्यको संविधान ०४७** मा रहेको बाधा अड्काउ फुकाउने धारा १२७ लाई संसद् समक्ष नराखी आफ्नो तजवीजमा प्रयोग गर्दै गए । उनले त्यस समयपछि सक्रिय राजतन्त्रमार्फत देश चलाउन खोजेको देखिन्छ । त्यो पनि सङ्कटको कारण बन्न पुग्यो । पद्धतीय अन्तरविरोधको सङ्कट ०४८ सालको आमनिर्वाचनपछि नेपालमा ठूला दल मानिएका कांग्रेस र कम्युनिस्ट पार्टीमा बढेर गयो । दलहरू कमजोर बनेपछि राजाको सक्रियता बढ्दै गयो र उनले संविधानको गलत प्रयोग गर्दै पूर्व पञ्चहरूलाई साथ लिएर पछिल्ला समयमा सक्रिय शासन चलाउन थाले । राजाले प्रतिनिधिसभा विघटन गरेपछि राजावादीहरू सार्वभौमसत्ता सरेको समेत बताउन थाले ।

७. नेपालले राजासहितको प्रजातन्त्र पटक पटक प्रयोग गर्दा ती सबै प्रयोग सङ्कटका कारण बन्न गए । प्रजातन्त्र प्राप्ति पछि देशमा स्थायित्व र विकास देखिनु पर्नेमा झन बढी अस्थिरता आएको देखिन्छ । जन निर्वाचित संसद्ले सैनिक ऐनलाई प्रजातान्त्रिक पद्धति अनुसार संशोधन गर्न आवश्यक ठानेनन् । संसद्ले सेनासम्बन्धी ऐन कानुनमात्र बनाइदिएको भए मुलुक सङ्कटबाट गुज्रनु पर्दैनथ्यो । सेनाको सञ्चालन र प्रयोगका लागि नेपालमा प्रधान मन्त्री, रक्षा मन्त्री र प्रधान सेनापति सहितको राष्ट्रिय सुरक्षा परिषद्को स्थापना भए पनि द्वन्द्वको समयमा त्यसले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सकेन । कार्यविधि तयार गरेको भए त्यस समय सेनामा राजा सक्रिय हुन सक्दैनथे । राजतन्त्रलाई चलखेल गर्ने निकै ठाउँ यस संविधानले राखेको देखियो । तीन वटा आम निर्वाचन सम्पन्न गरिसक्दा पनि प्रजातान्त्रिक शक्तिहरू कमजोर बन्दै गए तर, राजतन्त्रले भने आफूलाई बलियो र स्थिर शक्ति देखाउन खोजिरहेको थियो । दलहरू शक्तिशाली बन्नुपर्नेमा झन झन कमजोर बन्दै गएका थिए ।

८. पद्धतिका रूपमा त्यस समय राजतन्त्र संवैधानिक थियो तर, संविधानभन्दा वाहिर राजाले आफूलाई राख्न खोज्दा पद्धतीय अन्तरविरोध देखा पर्न थाल्यो । निर्वाचित प्रतिनिधिहरूलाई बेवास्ता गर्दै संविधानको आफूखुसी व्याख्या गरी राजाले ०५९ साल असोज १८ गते राजकीय सत्ता आफूमा राखेर मुलुकलाई सङ्कटमा पुऱ्याएपछि राजा, दल र माओवादीबिचको ध्रुवीकरणले सङ्कट तीब्र बनायो । निर्वाचित प्रधानमंत्रीलाई चुनाव गराउन नसकेको भन्दै "असक्षम प्रधानमन्त्री" को आरोप लगाउन पुग्ने राजा व्यापक जनदवावपछि फेरी त्यही असक्षमलाई दुई वर्षपछि पुनः प्रधानमन्त्री दिन पुगे । राजाको यस्तो अस्थिर निर्णयले राजतन्त्र पनि अझ बढी विवादमा पऱ्यो । मुलुक राजाको प्रत्यक्ष शासनबाट सुरु गरिएको दक्षिणपन्थी अतिवाद र नेकपा (माओवादी) बाट सञ्चालित उग्रवामपन्थी यी दुई अतिवादको चपेटामा पर्न गएको थियो । जनताले कुनै ठूलो विरोध नदेखाएकै कारण राजा ०६१ साल माघ १९ गते अर्को निरंकुश कदम चाल्न पुगे । पछिल्लो समयमा राजा ज्ञानेन्द्रबाट बाधा अडकाउ फुकाउन अनेकौं आदेश जारी गरेर संविधानको आफूखुसी व्याख्या गर्ने काम हुँदै गयो । उनले आफूलाई देखिने र सुनिने राजतन्त्रका रूपमा

संविधानभन्दा माथि राख्न थाले । माओवादी भने ०४७ सालको संविधानमा भन्दा अझ वढी अधिकार जनतालाई दिलाउन गणतन्त्रको पक्षमा अगाडि बढ्दै गयो ।

९. देशभित्र पिछडिएका र पछाडि पारिएकाहरूलाई माथि उठाउन ०४७ को संविधानले कुनै काम गर्न सकेन । आदिवासी, जनजाति, महिला, दलित आदिलाई राज्य संरचनाबाट पाखा लगाइयो । बहिस्कृत एवं सीमान्त अवस्थामा रहेका यस्ता समुदायलाई शासनको मूलधारमा ल्याउने ठोस पहल हुन सकेन । जनआन्दोलनपछि बनेको संविधानले अनेकता र विविधतामा गर्व गर्न सक्नु पर्नेमा एकात्मक स्वरूपमा जोड दियो । एक जाति, एक राज्य, एक भाषा, एक भेष, जस्ता पञ्चायतकालीन मान्यताहरू परिवर्तनपछि पनि देशले अपनाउँदै गयो । तल परेका जनजातिहरूलाई परिवर्तनको कुनै महसुस हुन सकेन । राज्यको पुनःसंरचना पुरानो सत्ताको जस्तै रह्यो । शासनमा पछाडि परेकोलाई सहभागी गराउन सकिएन । **देश मेरो हो तर शासनमा म छैन; त्यसैले राज्य मेरो हैन** भन्ने भावनाको विकास जनआन्दोलनपछि जनतामा देखिन थाल्यो । संविधानले दलित, जनजाति, महिला आदिका विषयमा कुनै सम्बोधन गर्न सकेन । वहिस्कृत एवं सीमान्त अवस्थामा रहेका समुदायको मागलाई जनआन्दोलनपछि सम्पन्न तीन वटै निर्वाचनमा सम्बोधन हुन नसक्नाले संविधान निर्माणको एक दशकमै मुलुकभित्र गम्भीर सङ्कट देखियो जुन प्रजातान्त्रिक व्यवस्थामाथिको गम्भीर चुनौती पनि थियो ।

१०. नेपाली कांग्रेस जनआन्दोलन ०४६ पछि अधिकांश समय राजनीतिक केन्द्रविन्दुमा रह्यो । सरकार चलाउने मौका पायो तर, यसले मुलुकलाई स्थायित्व दिलाउन सकेन । नेकपा ( एमाले) ले पनि सरकार चलाउने मौका पाएको थियो यसले पनि मुलुकलाई नौ महिनामा कुनै स्थायित्व दिन सकेन । देशका ठूला ठानिएका यी दुई राजनीतिक दलहरू जसरी हुन्छ सत्ता कव्जामा लागे । उनीहरू जनताको जनजीविकाको सवालमा सम्बोधन गर्न असफल बन्न पुगे । अर्कोतिर राजावादी मानिएको राप्रपामा सत्ता लिने वित्तिकै त्यसभित्रको अन्तर्द्वन्द्वले टुट्ने फुटने र जुटने क्रम भइरह्यो । सहमतीय राजनीतिमा दलहरूलाई मिलेर सरकार चलाऊ भनेर ‘हङ्ग’ पार्लियामेण्टको अभ्यास गर्न नेपाली जनताले जनादेश दिएको राजनीतिक दलहरूले बुझ्न सकेनन् ।

नेपालका राजनीतिक दलहरू केन्द्रीय वृत्तमा एक भइ अगाडि वढ्दा मात्र मुलुकमा उनीहरूले चाहेको राजनीतिक उपलब्धि प्राप्त भएको देखिन्छ । जव तिनीहरू एकआपसमा विभाजित बन्दै गएका हुन्छन त्यस अवस्थामा प्राप्तभएको उपलब्धि समेत गुम्दै गएको देखिन्छ । पटक पटकका उदाहरणबाट दलहरू सहमतिको राजनीतिबाट अलग्गिएका अवस्थामा मुलुकले दुर्धटना निम्त्याउने गरेको देखिन्छ । यसबाट मुलुकले पाठ नसिक्ने हो भने जतिपटक क्रान्ति गरेर प्रजातन्त्र प्राप्त गरेतापनि सदैव राजनीतिक सङ्कट र प्रजातन्त्रमाथि चुनौती आइ नै रहने छ ।

# विषयसूची


**शोधप्रबन्ध समितिको सिफारिस पत्र** ii

**अनुमोदन पत्र** iii

**प्रतिबद्धता पत्र** iv

**कृतज्ञता ज्ञापन** v

**शोधसार** viii

**सङ्केत सूची** xxii


## परिच्छेद एक

## परिचय


१.१ अनुसन्धान परिचय : १

 १.१.१ नेपालको अन्तरिम शासन विधान २००७ ७

 १.१.२ नेपाल अधिराज्यको संविधान २०१५ ८

 १.१.३ प्रजातन्त्रका विरुद्धमा ०१७ सालको कदम ९

 १.१.४ नेपालको संविधान २०१९ ११

 १.१.५ जनमत संग्रहको घोषणा २०३६ १२

 १.१.६ जनआन्दोलन २०४६ १३

 १.१.७ नेपाल अधिराज्यको संविधान २०४७ १४

 १.१.८ शाही कदम असोज १८, २०५९ प्रजातन्त्रमाथिको चुनौती १६

१.२ समस्याको पहिचान १७

१.३ शोध कार्यको उद्देश्य १८

१.४ प्राक्कल्पना १९

१.५ पूर्वकार्यको समीक्षा १९

 १.५.१ सैद्धान्तिक स्थापना तथा अवधारणात्मक पक्ष २०

 १.५.२ नेपाली राजनीतिसम्बन्धी पूर्वकार्यहरू २४

१.६ अध्ययन विधि ४१

१.७ शोध अनुसन्धानको सीमा ४२

१.८ शोध अनुसन्धानको रूपरेखा ४२

## परिच्छेद दुई

## लोकतन्त्र/प्रजातन्त्रः शब्द प्रयोग सन्दर्भ र अर्थ


| | | | |
|---|---|---|---|
| २.१ | पृष्ठभूमि | | ४६ |
| | २.१.१ | नेपालको सन्दर्भमा लोकतन्त्र/प्रजातन्त्र | ४९ |
| | २.१.२ | विकासोन्मुख देशको परिवेशमा प्रजातन्त्रको परिभाषा | ५२ |
| | २.१.३ | प्रजातन्त्रको सङ्क्रमण स्थायित्व र संस्थागत विकासको समस्या | ५६ |
| | २.१.३.१ | २००७ सालपछि नेपालमा प्रजातन्त्रको सङ्क्रमणस्थिति | ५७ |
| | २.१.३.२ | संविधानसभाको विवाद | ५८ |
| | २.१.३.३ | नेपाल अधिराज्यको संविधान २०१५ | ६१ |
| | २.१.३.४ | प्रजातन्त्रमा सङ्क्रमण भएको अठाह्र महिने निर्वाचित सरकार | ६२ |
| | २.१.३.५ | प्रजातन्त्रको विकल्पमा पञ्चायतको उदय | ६६ |
| | २.१.३.६ | लोकतन्त्र शब्द जनआन्दोलनको परिणाम | ६९ |


## परिच्छेद तीन

## प्रजातन्त्रको पुनःस्थापना (०४६ देखि ०५९)


| | | | |
|---|---|---|---|
| ३.१ | नेपालको प्रजातान्त्रिक आन्दोलनः एक अध्ययन | | ७५ |
| | ३.१.१ | प्रजातन्त्र पुनःस्थापनाका लागि दल र राजाबीचको सत्ता संघर्ष | ८१ |
| | ३.१.२ | प्रजातन्त्र पुनःस्थापनामा जनमत सङ्ग्रह कारक तत्व | ८८ |
| ३.२ | २०४६ सालको जनआन्दोलनको मूल मुद्दा | | ९४ |
| | ३.२.१ | निरंकुश राजतन्त्र र पंचायती व्यवस्था | ९५ |
| | ३.२.२ | आन्तरिक कारण | ९८ |
| | ३.२.३ | भारतको भूमिका | ९९ |
| | ३.२.४ | खुम्चिएको अवस्थामा राजतन्त्र | १०३ |
| | ३.२.५ | राजतन्त्र हटाउने एजेण्डाले प्रवेश नपाएको | १०५ |
| ३.३ | २०४६ सालको जनआन्दोलनपछि प्रजातन्त्रमा सङ्कमणको स्थिति | | १०९ |
| | ३.३.१ | पञ्चायती पृष्ठपोषकहरू बहुदलमा रूपान्तरण हुन नसक्नु | ११४ |
| | ३.३.२ | जनआन्दोलनमा नेपाली कांग्रेसका लागि वामपन्थीसँगको सहकार्य | ११७ |
| | ३.३.३ | कांग्रेस र कम्युनिष्टको सहकार्यले राजतन्त्रलाई धक्का | ११७ |
| | ३.३.४ | ०४६ सालको जनआन्दोलनपछि मुलुक सङ्क्रमणको स्थितिमा | ११८ |

| | | | |
|---|---|---|---|
| | ३.३.५ | ०४७ सालको संविधानपछि मुलुक लोकतन्त्रमा सङ्क्रमण हुन पुगेको चरण | १२२ |
| | ३.३.६ | प्रथम प्रतिनिधिसभापछि मुलुकमा विरोधको राजनीति | १२४ |
| | ३.३.७ | द्वीतिय प्रतिनिधिसभा | १२६ |
| | ३.३.८ | तृतीय प्रतिनिधि सभा | १२६ |
| ३.४ | प्रजातन्त्र सफलता र असफलताका केही अनुभव | | १२७ |
| | ३.४.१ | प्रजातन्त्र सफलताका कारण | १३१ |
| | ३.४.२ | प्रजातन्त्र असफलताका कारण | १३३ |
| ३.५ | संवैधानिक सङ्क्रमण | | १३६ |
| | ३.५.१ | संविधानमा द्वन्द्वको वीजारोपण | १३८ |
| | ३.५.२ | विवादित विषयमा संविधान मौन | १४० |
| | ३.५.३ | संविधानको आलोचना | १४३ |
| | ३.५.४ | संविधानमा रहेको अपरिवर्तनीय धारा | १४६ |
| | ३.५.५ | प्रतिनिधिसभाको विघटनबाट अस्थिरताको वीजारोपण | १४६ |
| ३.६ | आम चुनाव र अस्थिर सरकार | | १५९ |
| | ३.६.१ | प्रथम प्रतिनिधि सभा (२०४८-५१) | १५९ |
| | ३.६.२ | द्वीतिय प्रतिनिधि सभा (२०५१-२०५५) | १६६ |
| | ३.६.३ | राजनीतिक विकृतिको जन्म | १६८ |
| | ३.६.४ | संसदबाट ने.क.पा. (माले) को जन्म | १७० |
| | ३.६.५ | तृतीय प्रतिनिधि सभा (२०५६-०५९) | १७१ |
| | ३.६.६ | तृतीय प्रतिनिधि सभाले ल्याएको विभाजन | १७३ |
| | ३.६.७ | आन्तरिक प्रजातन्त्रको कमी | १७५ |


## परिच्छेद चार

## प्रजातन्त्र प्राप्तिपछिको सङ्कट


| | | | |
|---|---|---|---|
| ४.१ | पृष्ठभूमि | | १८२ |
| | ४.१.१ | अस्थिर सरकार | १८३ |
| ४.२ | संवैधानिक अभ्यासको सङ्कट | | १८५ |
| | ४.२.१ | टनकपुर सन्धिका बारेमा संवैधानक विवाद | १८८ |
| | ४.२.२ | पार्टी र सरकारको विवाद | १९० |

४.२.३ सेना प्रयोगको विवाद १९२
४.२.४ राजाको भूमिकामा विवाद १९३
४.२.५ प्रजातन्त्रलाई कमजोर बनाउने आन्तरिक र बाह्य रणनीति १९४
४.२.६ सुधारलाई समेट्न नसक्दाको परिणाम १९६
४.३ संवैधानिक राजतन्त्र सकृय बन्न खोज्दा मुलुकभित्र देखिएको सङ्कट २०२
४.३.१ संवैधानिक शून्यतामा राजतन्त्र सक्रिय बन्न खोज्यो २०८
४.३.२ संसद प्रभावकारी नभएर न्यायालयमा राजनीतिक चाप २०९
४.३.३ राजा ज्ञानेन्द्रबाट दलहरूलाई कमजोर बनाउने प्रयास २१३
४.३.४ राजाद्वारा कार्यकारिणी अधिकार जनतालाई फिर्ता २१५
४.४ जनजाति, महिला, दलित आदिको सहभागिताको सङ्कट २१६
४.४.१ आदिवासी/जनजातिहरूप्रतिको जातीय विभेद २२३
४.५ माओवादीको शक्ति विस्तार २२४
४.५.१ नेपालमा माओवादीको विकास २३१
४.५.२ माओवाद विश्वमा कसरी विकसित भयो २३४
४.५.३ माओवादी जनयुद्धसँग रिमको संलग्नता २३६
४.५.४ सशस्त्र द्वन्द्वका रूपमा माओवाद २३७
४.५.५ माओवादी जनयुद्धबाट राजनीतिक प्रक्रियामा परेको प्रभाव २४०
४.५.६ शान्तिपूर्ण निकासको सम्भावना २४३

## परिच्छेद पाँच

## राजसंस्थाको भूमिका संस्थागत गर्ने क्रममा आएको सङ्कट

५.१ नेपालको राजसंस्था २५४
५.१.१ प्रजातन्त्र सुदृढीकरणमा राजसंस्थाको भूमिका २५८
५.१.२ राजाको भूमिकालाई ठूला दलले महत्व नदिएको २५८
५.२ संवैधानिक सङ्कट २६०
५.३ राजसंस्थाको भूमिका संस्थागत गर्ने क्रममा आएको सङ्कट २६४
५.३.१ प्रजातन्त्रलाई सङ्कटमा पारेर राजसंस्था बलियो हुने प्रयासमा २६५
५.३.२ राजालाई केन्द्रमा राखेर हेर्ने प्रवृत्ति २६९
५.३.३ सेनाप्रति ज्ञानेन्द्र र वीरेन्द्रको दृष्टिकोण २७२
५.४ सामेलीकरण र सहभागिताको सङ्कट २७४

५.५ नेतृत्वको सङ्कट २७७
५.६ बाह्य राजनीति र सशस्त्र विद्रोहको सङ्कट २८०
५.६.१ सङ्कटका कारणहरू २८४
५.६.२ सारांश २८८

## परिच्छेद छ

## संवैधानिक राजनीतिक सङ्कटका मुद्दाहरू

६.१ पृष्ठभूमि २९०
६.१.१ विचारधारात्मक विभाजन ३००
६.१.२ पद्धतीय व्यवहारमा अन्तरविरोध ३०९
६.१.३ संवैधानिक गतिरोध ३१४
६.१.४ सहमति र नेतृत्वको प्रश्न ३१९

## परिच्छेद सात

## राजनीतिक दलहरूको संस्थागत विकास र व्यवहारको सङ्कट

७.१ परिचय ३२७
७.१.१ दलहरूको संस्थागत विकास ३२७
७.१.२ राजनीतिक दलहरूको सिद्धान्त,संगठन, नीति र कार्यक्रम ३३१
७.१.३ व्यवहारको सङ्कट ३३४

## परिच्छेद आठ

## राज्य पुनःसंरचनाको आवश्यकता

८.१ पृष्ठभूमि ३४०
८.१.१ राज्यको वर्तमान संरचनामाथि उठेको प्रश्न ३५०
८.१.२ जातीय, सांस्कृतिक पहिचान र स्वायत्तताको प्रश्न ३५४
८.१.३ समानुपातिक प्रतिनिधित्व ३५६
८.१.४ राजसंस्थाको औचित्य र भूमिकाको प्रश्न ३६०
८.१.५ सारांश ३६५

## परिच्छेद नौ

## सारांश, निष्कर्ष तथा सुझावहरू


| | | |
|---|---|---|
| ९.१ | सारांश | ३६९ |
| ९.२ | निष्कर्ष | ३८९ |
| ९.३ | सुझावहरू | ३९८ |

**सन्दर्भसूची** **४०३**

**अनुसूची** **४२६**

# सङ्केत–सूची

| | | |
|---|---|---|
| अ.त. | = | अराष्ट्रिय तत्व |
| अ.ने.क.क्रा.को.क.(मा.ले.) | = | अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को–अर्डिनेशन कमिटी (मार्क्सवादी–लेनिनवादी) |
| अ.ने.कि.सं | = | अखिल नेपाल किसान सङ्घ |
| आ.ज. | = | आदिवासी जनजाति |
| ए.ने.क.पा.(माओवादी) | = | एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) |
| चु.भा.प्र.ए.स. | = | चुरे भावर प्रदेश एकता समाज (केशव प्रसाद मैनाली) |
| चौ.म | = | चौंथो महाधिवेशन |
| ज.त.मु.मो. | = | जनतान्त्रिक तराई मुक्ति मोर्चा (जय कृष्ण गोइत) |
| त.म.लो.पा. | = | तराई–मधेस लोकतान्त्रिक पार्टी (महन्थ ठाकुर) |
| ते.सं. | = | तेस्रो संस्करण |
| दो.सं. | = | दोस्रो संस्करण |
| ने.का. | = | नेपाली काँग्रेस |
| ने.रा.कां. | = | नेपाल राष्ट्रिय कांग्रेस |
| ने.क.पा | = | नेपाल कम्युनिष्ट पार्टी |
| ने.क.पा.(ए.मा.ले.) | = | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) |
| ने.क.पा (मा) | = | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) |
| ने.क.पा.(मा.ले.) | = | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) |
| ने.म.कि.पा. | = | नेपाल मजदुर किसान पार्टी |
| ने.म.कि.सं. | = | नेपाल मजदूर किसान सङ्गठन |
| ने.ज.मा | = | नेपाल जनवादी मोर्चा |
| ने.स.पा | = | नेपाल सद्भावना पार्टी |
| प.सं. | = | प्रथम संस्करण |

| | | |
|---|---|---|
| वि.सं. | = | विक्रम सम्वत |
| भा.क.पा. | = | भारतीय कम्युनिष्ट पार्टी |
| म.ज.फो. | = | मधेसी जनअधिकार फोरम (उपेन्द्र यादव) |
| मसाल | = | पातलो स भएको मसाल मोहनविक्रम सिंहले नेतृत्व गरेको |
| मशाल | = | नेपाल कम्युनिष्ट पार्टी (मशाल) मोटो 'श' भएका मशाल |
| मा.ले. | = | मार्क्सवादी–लेनिनवादी |
| रा.प्र.पा. (चन्द) | = | राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) |
| रा.प्र.पा. (थापा) | = | राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) |
| सं.ज.मो | = | संयुक्त जनमोर्चा नेपाल |
| सं.वा.मो | = | संयुक्त वाम मोर्चा |
| सं.रा.ज.आ. | = | संयुक्त राष्ट्रिय जन–आन्दोलन |
| स.अ. | = | सर्वोच्च अदालत |
| शा.से. | = | शाही सेना |